जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १०३ पृष्ठः ४ | २०८२ साउन २५ गते आइतबार (Sunday 10 Aug. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मधेश प्रदेशमा सवारी दुर्घटनाबाट ५६४ जनाको मृत्यु



**शिवशंकर मिश्र**

बारा, २४ साउन। मधेश प्रदेशको आठ वटा जिल्लामा आर्थिकवर्ष २०८१ को साउनदेखि असार मसान्तसम्म ७ हजार ४ सय ४३ वटा दुर्घटना हुँदा ५ सय ६४ जनाको मृत्यु भएको छ। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक वकिलबहादुर सिंहले दिएको अनुसार पर्सामा ५५६ दुर्घटनामा ४७ जनाले ज्यान गुमाएका छन् भने, बारामा १ हजार १४७ घटनाबाट ९३ जनाले ज्यान गुमाएको हो।

यसैगरी रौतहटमा ८०८ वटा दुर्घटना हुँदा ६६ जना, सलार्हीमा १ हजार ३७ दुर्घटनामा ५६ जना, महोत्तरीमा ६७९ दुर्घटनामा ४५ जना, धनुषामा १ हजार २२१ दुर्घटनामा ८४ जना, सिराहामा ९६७ दुर्घटनामा ८९ जना र सप्तरीमा ८२८ दुर्घटनामा ८४ जनाले ज्यान गुमाएका हुन्। यस क्रममा जम्मा १० हजार ६७२ वटा सवारी साधन एक अर्कोमा ठोक्किएका सिंहले बताए।

यस दुःखद घटनाको तिव्रता देखेर, यातायात नियमको पालना र सतर्कता बढाउनुपर्ने आवश्यकता अत्यन्तै महत्वपूर्ण रहेको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रमुख एवम् प्रहरी उपरीक्षक रामकुमार सिल्वालले भने। मधेस प्रदेशमा सवारी दुर्घटनामा कमी ल्याउन र जनजीवनको सुरक्षामा थप ध्यान दिन यस मातहतका प्रहरीले ट्राफिक जनचेतना सम्बन्धि विविध गतिविधि गर्दै चालकहरुलाई सवारी चलाउदा अति ध्यान दिनुपर्ने कुराको बारेमा जानकारी दिने गरेको प्रहरी उपरीक्षक सिल्वालले बताए।

यसरी मधेश प्रदेशमा करिब साढे ५ सय बढी व्यक्तिले सवारी दुर्घटनाबाट ज्यान गुमाउनु कुरा सानो नभएको नागरिक समाज बाराका अध्यक्ष उमेशलाल दासले जिकिर गर्नुको साथै चिन्ता व्यक्त गरे। यस्तो घटनालाई न्युनीकरण गर्नु र ट्राफिक सम्बन्धी समाजिक जनचेतना जगाउन गाउँटोल लगायतका ठाउँमा समेत प्रचारप्रसारमा जोड दिन आवश्यकता रहेको उनले भने।

यसैगरी आर्थिक वर्ष २०८१/०८२ को साउनदेखि २०८२ असार मसान्तसम्म मधेस प्रदेशका आठ जिल्लामा २० हजार ८ सय

**–बाँकी दुई पेजमा**

## ब्राउनसुगर र अन्य लागूऔषधसहित तीन पक्राउ

सिरहा, २४ साउन। सिरहाको प्रहरीले सिरहा नगरपालिका र सीमावर्ती नवराजपुर गाउँपालिकाबाट छुट्टाछुट्टै रुपमा ब्राउनसुगर र अन्य लागूऔषधसहित तीन जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहा नगरपालिका ९ गुलरिया चोकस्थित बाँस भ्याङ्बाट सिरहा २२ हकपाडा गाउँका करिब ३२ वर्षीय रोशनकुमार यादलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी र वडा प्रहरी कार्यालयबाट खटिएको संयुक्त टोलीले बाँस भ्याङ्बाट नियन्त्रणमा लिइएका यादवको शरीर खानतलासी गर्दा ब्राउनसुगर जस्तो देखिने पदार्थ प्लाष्टिकसहित एक ग्राम २६ मिलिग्राम बरामद भएपछि तत्काल पक्राउ गरिएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक बिरन्द्रकुमार पासवानले जानकारी दिए।

**हेल्मेटभित्र लागूऔषध, थप दुई पक्राउ**

प्रहरीका अनुसार नवराजपुर गाउँपालिका ५ सोनरपुरबाट इलाका प्रहरी कार्यालय झाँझपट्टि र सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट नवराजपुरबाट खटिएको संयुक्त टोलीले हेल्मेटभित्र लुकाएर लागूऔषध ल्याउँदै गरेका दुई जनालाई पक्राउ गरेको छ। प्रदेश २-०१-००२ प २९३९ नम्बरको मोटरसाइकलमा रहेका धनगढीमाई नगरपालिका १४ का करिब ३९ वर्षीय भाईकाजी शाही ठकुरी र ३० वर्षीय संजय राउतलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

ठकुरीले लगाएको हेल्मेटभित्र लुकाएको लागूऔषध ५४ वटा सेम्पेक्स ट्याब्लेट भेटिएपछि दुई जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार पक्राउ गरिएका तीन जनालाई सिरहा प्रहरीको हिरासतम राखेर शुक्रबार सिरहा जिल्ला अदालतबाट अनुसन्धानका लागि पाँच दिनको म्याद लिइएको छ।

## आफ्नै भवनबाट वडा कार्यालयको सेवा प्रारम्भ




सिरहा, २४ साउन। लामो समयसम्म भाडाको घरबाट सेवा दिँदै आएका लहान नगरपालिका वडा नं. २ र ३ ले आजदेखि औपचारिक रूपमा आफ्नै नवनिर्मित भवनबाट सेवा प्रवाह सुरु गरेका छन्। नगरप्रमुख महेशप्रसाद चौधरीले दुवै वडाका नवनिर्मित कार्यालयको एकैसाथ उद्घाटन गरे। हालसम्म यी वडा कार्यालय लहानको मुख्य चोकस्थित 'मटिहर्वा कम्लेक्स' मा वडा नं. १, २ र ३ को संयुक्त सेवा केन्द्रबाट सञ्चालन हुँदै आएका थिए। नगरप्रमुख चौधरीका अनुसार आव २०८१/८२ मा छुट्याइएको ४२-४२ लाखको बजेटमा दुवै भवन निर्माण सम्पन्न गरिएको हो।

नवनिर्मित वडा कार्यालय भवनको उद्घाटन गर्दै नगरप्रमुख चौधरीले यहाँका २४ वडामध्ये अधिकांश वडा कार्यालयको आफ्नै भवनबाट सेवा सुरु हुनु लहान नगरको समग्र विकासको संकेत भएको बताए। "वडाको सेवा भाडाका घरबाट सञ्चालन गर्नुपर्ने बाध्यता क्रमशः हट्दै छ। अब आफ्नै कार्यालय भवनबाट सहज र प्रभावकारी रुपमा

**–बाँकी अन्तिम पेजमा**




**स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं।**

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (विगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं,
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
- चिकित्सकको सल्लाह विना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं।
- विश्व स्तनपान सप्ताह सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## छात्रवृत्तिको नियमनमा ध्यान देऊ

काठमाडौं महानगरपालिकाले शैक्षिक सत्र २०८२/८३ का लागि कक्षा ११ र १२ मा अध्ययन गर्न चाहने विद्यार्थीका लागि छात्रवृत्तिमा आवेदन दिन खुलारूपमा आह्वान गरेको थियो। सार्वजनिक गरिएको जानकारीअनुसार परीक्षामा १४ हजारभन्दा बढी विद्यार्थी सम्मिलित भएकोमा १० हजार ८ सय ६७ जना उत्तीर्णएका छन्। छात्रवृत्ति परीक्षामा उत्तीर्ण भएका विद्यार्थीले आफूलाई मन परेको विषय पढेर भविष्य उज्यालो बनाउने सपना देख्नु स्वाभाविकै हो। तर, छात्रवृत्ति पाएकोमा उत्साहित विद्यार्थीहरू सबैले छानेको विषय पढ्ने मौका भने नपाएको गुनासो भने सामाजिक सञ्जालमा व्याप्त हुनथालेको छ। कतिपय विद्यार्थीले त छात्रवृत्ति अभिशाप हुनपुगेको दुखेसो गरेका छन्।

काठमाडौं महानगरपालिकाबाट दिइएको छात्रवृत्तिको पत्र लिएर कुनै उच्च माध्यमिक विद्यालयमा पुगेको विद्यार्थीलाई रोजेको विषयमा भर्ना दिइएन। उनलाई सिट छैन भन्ने विद्यालयले पूरा पैसा तिरेर पढ्ने विद्यार्थीलाई भने त्यही विषयमा भर्ना लिएछ। अर्थात्, विद्यालयका अधिकारीहरू सकेसम्म छात्रवृत्तिका विद्यार्थी पन्छाउन खोज्छन् भन्ने नै हो। विद्यालयले महानगरपालिकाको छात्रवृत्तिमा पढाउन आनाकानी गरेपछि विद्यार्थी गुहार माग्न महानगरपालिकाको कार्यालयमा पुगेछन्। काठमाडौं महानगरपालिकाका कर्मचारीले पनि औपचारिकता पूरा गर्ने अर्को पत्र लेखेर झारा टारे। यही चक्करमा भर्ना हुने म्याद सकिएको जानकारी दिइएछ। फलस्वरूप, प्रतिस्पर्धामा उत्तीर्ण भएर छात्रवृत्ति पाएबापत उनको एउटा शैक्षिक वर्ष खेर जाने भयो।

छात्रवृत्तिको आशा नभएको भए ती विद्यार्थीका सम्भवतः अभिभावकले उनलाई रोजेकै विषय पढ्ने गरी भर्ना गरिदिने थिए। यो ती एकजना विद्यार्थीले भोगेको विडम्बनामात्र पक्कै होइन। यो त नेपालका अधिकांश विपन्न जनता लक्षित कार्यक्रमहरूको प्रतिनिधि उदाहरण हो। देशको भविष्यप्रति लक्षित कार्यक्रमको नियति यस्तो विडम्बनापूर्ण हुनु निश्चय पनि चिन्ताको विषय हो। यसैले सबै तहका सरकार तथा गैरसरकारी संस्थाहरूबाट समेत पवित्र उद्देश्य राखेर प्रदान गरिने छात्रवृत्तिहरूको सही सदुपयोगका निम्ति सबै तहका सरकारका साथै नागरिक समाजले पनि गम्भीर चासो देखाउनु आवश्यक देखिन्छ। कसैका निम्ति पनि छात्रवृत्ति पाउनु नै अभिशाप बन्न दिनु हुँदैन।

छात्रवृत्तिका खुला वा आरक्षित प्रतिस्पर्धामा उत्तीर्ण हुनेहरूलाई निश्चित् रकमको 'कुपन' दिने विधि पनि एउटा उपाय हुनसक्छ। त्यसो भयो भने विद्यार्थीका अभिभावकले रिनधन गरेर पनि आफ्ना सन्तानलाई राम्रै विद्यालयमा गतिलै विषय पढाउन सक्छन्। सन्तानको शिक्षाका लागि खर्च गर्दा नेपाली अभिभावकले आफ्नो आर्थिक हैसियत बिर्सने जो गरेका छन्। यसैले सबै तह र क्षेत्रबाट दिइने छात्रवृत्तिलाई पहुँचयोग्य, पारदर्शी तथा उपयोगी बनाउनका लागि सरकारले सबैको सल्लाह र सहभागितमा सञ्चालन, व्यवस्थापन तथा नियमनको सर्वस्वीकार्य विधिको विकास गर्नु आवश्यक छ। जनशक्ति विकास राष्ट्र निर्माणका दृष्टिले सबैभन्दा उत्पादनशील लगानी सिद्ध भइसकेकाले छात्रवृत्तिको व्यवस्थापन र नियमनलाई प्राथमिकता दिइयोस्।

## मधेश प्रदेशमा...

३९ वटा विभिन्न सवारी साधनलाई कारबाही गरिएको छ। त्यसबाट १८ करोड ३७ लाख ९१ हजार ३५९ रुपियाँ राजस्व संकलन भएको छ। सो अवधिमा पर्सामा ३० हजार ३२० वटा सवारी साधनलाई कारबाही गर्दा २ करोड ८१ लख ४९ हजार ३५० रुपियाँ, बारामा २३ हजार ४२४ सवारीबाट २ करोड २४ लाख २ हजार, पथलैयामा ११ हजार २५० सवारीबाट १ करोड ५ लाख १० हजार ५०२ रुपियाँ, रौतहटमा १६ हजार २४८ सवारीबाट १ करोड ४७ लाख ३८ हजार, सलार्हीमा २० हजार ९ सवारीबाट १ करोड ९७ लाख ७३ हजार ५ सय रुपियाँ राजस्व संकलन भएको छ।

यसैगरी महोत्तरीमा २८ हजार ३३२ सवारीबाट २ करोड ५८ लाख ५४ हजार ५०४ रुपियाँ, धनुषामा २८ हजार ५३५ सवारीबाट २ करोड २१ लाख १० हजार ५ सय रुपियाँ, सिराहामा ३२ हजार १५७ सवारीबाट २ करोड ५१ लख १९ हजार ५०२ रुपियाँ र सप्तरीमा १७ हजार ७६४ सवारीबाट १ करोड २७ लाख ९३ हजार ५०१ रुपियाँ संकलन भएको सूचना अधिकारी सिंहले बताए। चालु–आर्थिक बर्ष ०८२ को साउन २२ गतेसम्म ६९ वटा दुर्घटना हुँदा एक महिला र दुई जना पुरुषगरी ३ जनाको मृत्यु भएको जिल्ला ट्राफिक कार्यालय निजगढ बाराका प्रहरी निरीक्षक दीपक केसीले जानकारी दिए।

# जनै, रक्षासूत्र र वास्तुशास्त्रको सम्बन्ध

**भरतमणि ज्ञवाली**

आज हामी हिन्दु धर्मावलम्बीको पवित्र पर्व जनैपूर्णिमा। यस दिनलाई ऋषितर्पणी पनि भनिन्छ। यो प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन श्रद्धा र भक्तिपूर्वक मनाइन्छ। यो दिन पुरोहितबाट मन्त्रिएको नयाँ जनै फेर्ने, पितृलाई तर्पण दिने र नाडीमा रक्षासूत्र ( रक्षाबन्धन) बाँध्ने धार्मिक परम्परा रही आएको छ। आजको दिनले केवल आत्मशुद्धि र धार्मिक कर्म मात्र नभई वास्तुशास्त्र र ऊर्जा संरक्षणसँग पनि गहिरो सम्बन्ध राख्छ। जनैको स्थानमा (बायाँ काँधबाट दाहिने कम्मरसम्म) शरीरका सुषुम्ना, इडा र पिङ्गला नाडीहरूमा ऊर्जाको सन्तुलन कायम राख्ने विन्दुहरू पर्छन्। यसरी जनै केवल धार्मिक चिह्न मात्र नभई शरीर र चेतनाको ऊर्जा सन्तुलनकर्ता पनि हो। जसरी घरको मूलद्वारको तोरणले नकारात्मक शक्ति रोक्छ, त्यस्तै रक्षासूत्रले शरीरको जीवन–ऊर्जा ( प्राणशक्ति)लाई सुरक्षित राख्छ।

वास्तुशास्त्रमा पूर्व, उत्तर–पूर्व वा उत्तर दिशाबाट शुभ–ऊर्जा प्रवेश गर्छ र दक्षिण, दक्षिण–पश्चिमबाट नकारात्मक ऊर्जा रोक्नुपर्छ भन्ने मान्यता छ। रक्षासूत्र बाँध्ने प्रक्रिया पनि यही सिद्धान्तसँग मेल खान्छ– दाहिने हात (ऊर्जाको कर्ममार्ग)मा बाँधिएको सूत्रले शुभ–ऊर्जा सक्रिय र अशुभ–ऊर्जा निष्क्रिय गर्छ। जनैपूर्णिमामा पितृलाई तर्पण दिने प्रचलन छ। वास्तुशास्त्रमा पनि घरको पितृस्थान (दक्षिण–पश्चिम भाग)लाई शान्त र पवित्र राख्न विशेष महत्त्व दिइन्छ। पितृतर्पण गर्दा जल, तिल र कुशको प्रयोग गरिन्छ। जसलाई वास्तुमा पृथ्वी, जल र आकाश तत्त्वको समन्वय मानिन्छ। यसले पितृ आत्मालाई शान्ति र घरमा स्थिरता ल्याउँछ।

सनातन धर्ममा जनै ( यज्ञोपवीत) केवल एक साधारण धागो नभई यसलाई आत्मिक शुद्धता, कर्तव्य परायणता र वैदिक परम्पराको जीवन्त प्रतीकका रूपमा लिइन्छ। बायाँ काँधबाट दायाँ कम्मरसम्म पहिरिने यो पवित्र धागोले धारण गर्ने व्यक्तिको जीवनमा नैतिक, आध्यात्मिक र भौतिक अनुशासनको महत्त्वलाई दर्साउँछ। जहाँ जनैले व्यक्तिको आन्तरिक र व्यक्तिगत सामञ्जस्यतालाई प्रतिनिधित्व गर्दछ, त्यहीँ वास्तुशास्त्रले बाह्य वातावरण, विशेष गरी निवास स्थानको ऊर्जा र सन्तुलनमाथि विवेचना गर्दछ। यी दुई विधा सतहमा फरक देखिए पनि गहिरो अध्ययन गर्दा यिनीहरूबिच व्यक्तिगत र वातावरणीय सामञ्जस्य स्थापित गर्ने समान शास्त्रीय उद्देश्य रहेको पाइन्छ।

जनैमा रहेका तीन सूत्रहरू देवऋण, पितृऋण र ऋषिऋणका साथै सत्त्व, रज र तम गुणका प्रतीक मानिन्छन्। वास्तुशास्त्रमा पनि स्थान वा संरचनाको ऊर्जालाई यिनै सत्त्व, रज र तम गुणका आधारमा विश्लेषण गरिन्छ। जनैले यी तीन गुणलाई सन्तुलित गरी व्यक्तिलाई पूर्णता दिने प्रयास गरेझैँ वास्तुशास्त्रले पनि भवनका विभिन्न खण्डमा सत्त्व, रज, तमको उचित सन्तुलन कायम गरी त्यहाँ बस्ने मानिसको जीवनमा सन्तुलन र समृद्धिको मार्ग प्रशस्त गर्छ। मानव शरीरलाई एक सूक्ष्म ब्रह्माण्ड मानिएझैँ वास्तुशास्त्रमा घर वा भवनलाई एक जीवन्त शरीर (वास्तुपुरुष मण्डल) का रूपमा लिइन्छ। वास्तुपुरुष मण्डलमा ८१ वा ६४ वटा पद हुन्छन्, जसमध्ये मुख्य नौवटा पद (केन्द्रीय ब्रह्मस्थान र आठ दिशा)ले घरको ऊर्जा प्रवाहलाई निर्देशित गर्छन्।

जनैमा रहेका पाँच गाँठाहरू ब्रह्म, धर्म, अर्थ, काम र मोक्षका प्रतीक हुन्। साथै यिनलाई पञ्चयज्ञ, पाँच ज्ञानेन्द्रिय र पञ्चकर्मको प्रतीक पनि मानिन्छ। वास्तुशास्त्रको सम्पूर्ण जग पञ्चमहाभूत (आकाश, वायु, अग्नि, जल, पृथ्वी)मा आधारित छ। यी पाँच तत्त्वको सन्तुलनले नै घरमा सकारात्मक ऊर्जा र शान्ति प्रदान गर्छ। नेवारी समुदायमा यो दिन क्वाँटी खाने र भ्यागुताको पूजा गर्ने प्रचलन छ। क्वाँटीमा नौथरी अन्न हुन्छन्, जसले पृथ्वी र अग्नि तत्त्वलाई सुदृढ गर्छ। भ्यागुताको पूजा भने जल तत्त्वको सम्मान हो। वास्तुशास्त्रमा पाँच तत्त्वको सन्तुलनमा घरको ऊर्जा बस्छ भन्ने मान्यता छ र यी परम्परा यही सन्तुलन कायम राख्ने जीवन–पद्धति हुन्। यी सबै परम्पराको मूलमा ऊर्जा, संरक्षण र समृद्धिको सन्देश लुकेको छ।

वास्तुशास्त्रले जसरी घर र वरिपरिको वातावरणलाई सन्तुलित राख्न मार्गदर्शन गर्छ, यस्ता धार्मिक पर्वहरूले पनि हाम्रो शरीर, मन र आत्मालाई सन्तुलित राख्ने कार्य गर्छन्। यसरी जनैपूर्णिमा केवल एउटा धार्मिक दिन मात्र होइन यो वास्तु–उपचारको दिवस पनि होन्न जहाँ मन्दिर, घर र शरीर तीनैको ऊर्जा शुद्ध, सुरक्षित र समृद्ध बनाइन्छ। अस्तु। (लेखक वास्तु विज्ञानका सञ्चालक एवं दक्षिण एसियाली ज्योतिष महासंघका महासचिव हुन्।)

# कर्मचारीका अधिकांश गुनासा सरुवाका

काठमाडौँ, २४ साउन। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पहुँचवाला कर्मचारी सधैँ सिंहदरबार र पहुँचविहीन दुर्गममा नै बस्न बाध्य हुनु परेको भन्ने गुनासाका चाङ लाग्न थालेका छन्। कतिपय कर्मचारीको सात वर्षदेखि दुर्गम स्थानीय तहमा नै बस्दा पनि सरुवा नभएको तर पहुँचमा भएका कर्मचारी भने सधैँ सिंहदबार आसपासका कार्यालयमा घुमिरहेका लगायत गुनासा मन्त्रालयमा आएका छन्।

मन्त्रालयमा 'गुनासो व्यवस्थापन केन्द्र' स्थापना भएसँगै कर्मचारीका सरुवासम्बन्धी गुनासाका चाङ लाग्न थालेका हुन्। मन्त्रालयमा विगत केही वर्षदेखि कर्मचारी सरुवाको बेथिति झाँगिँदै गएपछि सरुवा बेथिति रोक्नुपर्ने गुनासो व्यवस्थापन केन्द्रमा आउन थालेका छन्। मन्त्रालयले गत साउन ८ गते सेवा प्रवाहमा देखिएका समस्याको समाधान गर्न 'गुनासो व्यवस्थापन केन्द्र' स्थापना गरेको थियो।



मन्त्रालयका सूचना अधिकारी तथा सुशासन प्रवर्धन शाखाका उपसचिव भूपेन्द्र सापकोटाले गुनासो व्यवस्थापन केन्द्रमा आउने अधिकांश गुनासा कर्मचारी सरुवासँग सम्बन्धित भएको बताए। उनका अनुसार पाँचदेखि छ वर्षसम्म एउटै कार्यालयमा कार्यरत रहेको तर सरुवाका लागि पटक पटक मन्त्रालयमा निवेदन दिए पनि सरुवा हुन नसकेको, सुक्खाग्रस्त क्षेत्र घोषणा भएको मधेश प्रदेशका स्थानीय तहमा लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत नहुँदा त्यहाँको नियमित कार्यसम्पादन र सेवा प्रवाह नै ठप्प भएको, स्थानीय तहमा निमित्त प्रमुख, प्रशासकीय अधिकृत रहेको र निमित्तबाट दीर्घकालीन महत्व राख्ने काम हुन नसकेका गुनासा आएका छन्।

यसै गरी स्थानीय तहमा वरिष्ठतम कर्मचारी बहाल भए पनि कनिष्ठ कर्मचारीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी प्रदान गरिएको, एउटै विज्ञापनबाट स्थायी नियुक्ति लिइएका समायोजनका क्रममा स्थानीय तहमा समायोजन भएका कर्मचारी अहिले आठौँ तहमा पुगेका तर संघमा कार्यरत कर्मचारी छैठौँ नै भइरहेकाले छैठौँ तहका कर्मचारीलाई स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाउँदा ती कर्मचारीको 'मोरल डाउन' हुने गरेको लगायत गुनासो धेरै आउने गरेको छ। उपसचिव सापकोटाले भने, "तत्काल सम्बोधन गर्न सकिने गुनासालाई टेलिफोनबाटै सम्बोधन गरिएको र फोनबाट सम्भव नभएका गुनासालाई सम्बन्धित महाशाखा र सहसचिवहरूको समूह रहेको उच्च व्यवस्थापन केन्द्रमा पठाउने गरिएको छ।"

**सुगम रोज्नेको लहर**

अहिले मन्त्रालयमा निजामती कर्मचारीहरूको सुगम कार्यालयमै सरुवा हुन पाऊँ भन्ने लहर छ। सिंहदरबार, काठमाडौँ उपत्यका र आसपासका कार्यालयमा सरुवा हुन र ती क्षेत्रका कार्यालयमा बसिरहेका कर्मचारी सोही कार्यालयमा थमौती गर्न सिंहदरबारमा भीड लाग्ने गरेको छ।

मन्त्रालयका प्रशासन महाशाखा प्रमुख पिताम्बर अधिकारीले कर्मचारीमा स्वाभाविक रूपमा सुगम क्षेत्रमा नै बस्न रुचाउने प्रवृत्ति भएकाले सुगमका कार्यालयमा नै सरुवा गरी पाऊँ भन्ने कर्मचारीको सङ्ख्या अत्यधिक रहेको बताए। मन्त्रालयले भने सुगम क्षेत्रका कर्मचारीलाई दुर्गममा र दुर्गममा बसेका कर्मचारी सुगममा सरुवा गर्ने नीति लिएको छ। सोही नीति अनुसार साउन महिनामा मात्र मन्त्रालयले विभिन्न कार्यालयमा गरी १४५ जना कर्मचारीको सरुवा गरिसकेको जनाएको छ।

अधिकारीले भने, "कर्मचारीले सुगमका क्षेत्रमा मात्र बस्न चाहे पनि मन्त्रालयले भने सुगमका कर्मचारी दुर्गम र दुर्गमका कर्मचारीलाई सुगममा सरुवा गर्ने गरी नीति लिएको छ, सोही अनुसार अब भदौसम्ममा कर्मचारीको सरुवा हुन्छ।" नेपाल निजामती कर्मचारी युनियनका कार्यवाहक अध्यक्ष उत्तम कटुवालले निजामती कर्मचारीले सेवा प्रवेश गर्ने बेलामा नै खटाएको ठाउँमा जान्छु भनेर शपथ खाएकाले सरकारले खटाएको कार्यालयमा जानु दायित्व भएको बताउनुभयो।

**सरुवा निवेदन दिन आग्रह**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा हुन चाहने कर्मचारीलाई साउन मसान्तभित्र निवेदन पेस गर्न आग्रह गरेको छ। चालु आर्थिक वर्षमा सरुवा गर्नुपर्ने कर्मचारीको नामावली तयार गर्नका लागि मन्त्रालयले साउन मसान्तभित्र निवेदन दिन कर्मचारीलाई आग्रह गरेको हो। निजामती कर्मचारीको वार्षिक सरुवा प्रक्रिया व्यवस्थापन गर्न देशभरका मन्त्रालय, आयोग, सचिवालय, निकाय तथा निजामती कर्मचारीहरूलाई शुक्रबार निर्देशन जारी गरिएको हो।

सरुवाका लागि इच्छुक निजामती कर्मचारीहरूले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरी सरुवा निवेदन पेस गर्नुपर्ने छ। निजामती सेवा ऐन २०४९ को दफा १८ र नियमावली, २०५० को

# विपद् संकटग्रस्त क्षेत्र घोषणापछि मधेसमा डीप बोरिङ गाड्ने होड, अनियमितताको आशंका

वीरगन्ज, २४ साउन। सरकारले मधेस प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेसँगै डीप बोरिङ गाड्ने नाममा अनियमितता हुन थालेको भन्दै सरोकारवालाले प्रश्न उठाएका छन्। साउन ७ गते बुधबार सरकारले मधेस प्रदेशलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको थियो। प्रतिनिधि सभा सदस्य तथा पूर्वमन्त्री प्रभु साहले संकटग्रस्त क्षेत्र घोषणा भएसँगै सार्वजनिक खरिद ऐन प्रभावित हुने र अनियमितता बढेर सीमित व्यक्ति वा पदाधिकारीले फाइदा लिने अवसर खुल्ने भन्दै सरकारको ध्यानाकर्षण गराएका छन्।

केही दिन अघि उनले प्रतिनिधि सभा बैठकमै यसबारे सरकारको ध्यानाकर्षण गराएका थिए। 'सरकारको नियत राहत दिने हो कि त्यहाँ भ्रष्टाचार गर्ने हो ?,' उनले प्रश्न गरेका थिए। उनले सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा विनियोजित रकम दुरुपयोग भइरहेको संकेत आफूले पाएको पनि खुलासा गरे।

**डीप बोरिङ गाड्ने होड तीव्र**

संकटग्रस्त क्षेत्र घोषणा भएसँगै तीन तहका सरकारमध्ये वीरगञ्ज महानगर क्षेत्रमा तीनै तहका सरकारले डीप बोरिङ गाड्ने भन्दै जथाभावी योजना अघि बढाएका छन्। संघ सरकारले आफ्नै तजबिजमा महानगर क्षेत्रमा डीप बोरिङ गाड्ने, प्रदेश सरकारले पनि आफ्नै तरिकाले काम अघि बढाउने र स्थानीय तहले समेत आवश्यकताका आधारमा भन्दै डीप बोरिङ गाड्ने योजना अघि बढाएको देखिन्छ।

आपसमा समन्वयसमेत नगरी यसरी साउन यतामात्र महानगर क्षेत्रमा तीन दर्जनभन्दा बढी डीप बोरिङ गाडिएको छ। पर्साकै अन्य जिल्ला र मधेसका बाँकी ७ जिल्लाका विभिन्न पालिकामा यस प्रकारका योजना कति सञ्चालित छन् भन्ने विवरणसमेत कुनै निकायले प्रस्ट भन्न नसकेको अवस्था छ। चालु आर्थिक वर्षका योजनाका लागि गत असार २९ गते पर्सा जिल्ला प्रशासन कार्यालयले दररेट निर्धारण गरेको थियो। प्रमुख जिल्ला अधिकारी गणेश अर्यालका अनुसार डीप बोरिङका लागि बढीमा अढाइ लाखको लागत (दररेट) निर्धारण गरिएको छ। यद्यपि, विपद् संकटग्रस्त घोषणा भएपछि गाडिएका डीप बोरिङमा यो दररेटभन्दा निकै बढी रकम खर्च भएको पाइएको छ।

खानेपानीमन्त्री प्रदीप यादवकै गृहजिल्ला पर्सामा उनकै पहलमा संघ सरकारको लागतमा धमाधम डीप बोरिङ गाड्ने काम भइरहेको छ। यतिमात्र होइन, संघीय खानेपानी मन्त्रालय, प्रदेश सरकार र वीरगन्ज महानगरपालिकाले ठाउँठाउँमा गाडेको डीप बोरिङको लागत खर्च पनि बेग्लाबेग्लै छ। वीरगन्ज महानगरपालिकाले साढे चार लाखको लगतमा डीप बोरिङ गाडेको छ। वन तथा वातावरण महाशाखा प्रमुख राकेश साहका अनुसार महानगर क्षेत्रमा बढीमा साढे ३ सय फिट डीप बोरिङ गाडिएको छ, जसमा सरदर साढे चार लाख रुपैयाँको हाराहारीमा खर्च भएको छ।

साहका अनुसार महानगर क्षेत्रमा काहीं ३५० फिट, काहीं बढीमा ३६० फिट गहिराइसम्म डीप बोरिङ गाडिएका छन्। गएको तीन आर्थिक वर्षमा भने २०७ वटा डीप बोरिङ गाडिएको उनको भनाइ छ। यद्यपि, चालु आर्थिक वर्षको साउनमा मात्रै महानगर क्षेत्रमा ४० वटाजति डीप बोरिङ गाडिएको उनको भनाइ छ। यसैगरी प्रदेश सरकारले पनि टेण्डरमार्फत केही ठाउँमा डीप बोरिङ गाडेको छ। प्रदेश सरकारको खानेपानी सरसफाइ डिभिजन कार्यालय बाराका प्रमुख किशोरी साहका अनुसार पर्सामा ४ वटा जति डीप बोरिङ प्रदेश सरकारको खर्चमा गाडिएको छ।

साहले भने, 'हामीले टेण्डर गऱ्यौँ। उक्त टेण्डरमा घटेर काम गर्दा ठेकदारले ४ लाखको हाहाहारीमा काम गरेको छ।' विपद् संकटग्रस्त क्षेत्र घोषणा भएकै बेलामा महानगरपालिका क्षेत्रमा संघीय खानेपानी मन्त्रालय मातहतका खानेपानी कार्यालय वीरगन्जले पनि डीप बोरिङ गाडेको छ। उक्त कार्यालयले गाडेको डीप बोरिङमा प्रतिबोरिङ साढे ६ लाख हाराहारीमा खर्च गरेको छ। संघीय खानेपानी कार्यालय वीरगन्जका इन्जिनियर मुकेश ठाकुरका अनुसार एउटा डीप बोरिङमा ६ लाख ५० हजार रुपैयाँसम्म खर्च भएको छ।

प्रदेशले सरकारले वीरगन्जमा सवा ४ सय फिट, महानगरले ३६० फिटसम्म र संघीय खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी कार्यालयले चार सय ६० फिट गहिराइसम्म बोरिङ गाडेको जनाएको छ। खानेपानी कार्यालय वीरगन्जका इन्जिनियर ठाकुरका अनुसार महानगरसहितका क्षेत्रमा साढे ४ सय फिटको गहिराइमा डीप बोरिङ गाडिएकाले साढे ६ लाखसम्म खर्च भएको छ। यद्यपि, सवा चार सय फिटसम्मको गहिराइमा डीप बोरिङ गर्दा प्रदेश सरकारले ४ लाखको हाराहारीमा खर्च गरेको तर थप ३०–४० फिट गहिराइकै लागि दुई लाखभन्दा बढी खर्च भयो भन्नु आफैँमा अपत्यारिलो रहेको स्थानीयवासी बताउँछन्।

संकटग्रस्त क्षेत्र घोषणा गरेपछि सार्वजनिक खरिद ऐन प्रभावित हुने र निर्माण कार्यका लागि पालना गर्नुपर्ने विभिन्न प्रावधानमा छुट पाइने भएकाले पनि डीप बोरिङका नाममा पछिल्लो समय अनियमितता बढेको जानकारहरूको भनाइ छ। पर्सा जिल्ला समन्वय समिति प्रमुख विनय श्रीवास्तवले संकलन गरेको विवरण अनुसार चालु आर्थिक वर्षमा जिल्लामा ३३७ वटा डीप बोरिङ गाडिएका छन्। अझ केही ठाउँबाट विवरण आउन बाँकी रहेकाले यो संख्या बढ्ने अनुमान जिल्ला समन्वय समितिको छ।

खानेपानीमन्त्री यादवको निर्वाचन क्षेत्र पर्सा क्षेत्र नम्बर १ हो। पर्सा क्षेत्र नम्बर १ मा वीरगञ्ज महानगरपालिकाकै विभिन्न वडा पर्छन्। महानगरको वडा नम्बर–१६ मामात्र ४० भन्दा धेरै डीप बोरिङ गाडिएको विवरण जिल्ला प्रशासन कार्यालयले संकलन गरेको छ। वीरगञ्ज महानगर–१२ का वडाअध्यक्ष सुरेश गुप्ताले आफूहरूसँग समन्वय नै नगरी डीप बोरिङ गाड्ने काम भइरहेको बताए। 'संघ सरकारको होस् वा प्रदेश सरकार, हामीसँग समन्वय नै नगरी बोरिङ गाड्ने गरेका छन्,' उनले भने, 'जबकि कहाँ बोरिङ तत्काल आवश्यक छ भन्ने कुरा त हामीलाई पो राम्रोसँग थाहा हुन्छ त।'

संघ र प्रदेशका मन्त्रीहरूले आफ्नो कार्यकर्ताको रुचि अनुसार वडामा बोरिङ गाड्ने काम गरिरहेको उनले बताए। महानगरपालिका–२३ का वडाध्यक्ष अवधकिशोर कुशवाहा पनि आफ्नो वडामा संघ सरकारले कुनै समन्वय नै नगरी डीप बोरिङ गाडेको बताउँछन्। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको दफा ३३ मा विपद् सङ्कटग्रस्त क्षेत्रमा नेपाल सरकारले आदेश दिन सक्ने व्यवस्था छ। सोही नियमको उपदफा १ मा 'नेपाल सरकारले दफा ३२ बमोजिम घोषणा गरेको विपद् सङ्कटग्रस्त क्षेत्रमा कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आवश्यकता अनुसार देहायको कुनै वा सबै काम गर्ने आदेश दिन सक्नेछ' भनिएको छ।

जसअनुसार सरकारले आवश्यकता अनुसार सरकारी वा गैरसरकारी कार्यालय, शिक्षण संस्था वा अन्य संस्थालाई केही अवधिका लागि बन्द गर्न सक्ने छ। उद्धार कार्यमा प्रतिकूल असर पर्न सक्ने कुनै काम कारबाही गर्न नदिने, सरकारी वा गैरसरकारी कार्यालय, शिक्षण संस्था वा अन्य संस्थाका कर्मचारीलाई काजमा खटाउने, विपद् उद्धार कार्यको प्रयोजनका लागि गैरसरकारी कार्यालय, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको चल, अचल सम्पत्ति उपयोग गर्न आवश्यक भएमा अभिलेख राखी तोकिएको अवधिभरका लागि अस्थायी तवरले प्राप्त गर्ने अधिकार पनि सरकारसँग रहने छ।

यस्तै, सरकारी स्रोत तथा साधनलाई उपयोग तथा परिचालन गर्ने, सम्बन्धित जिल्लाभित्रका गैरसरकारी कार्यालय, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको सवारी साधनलाई कुनै निश्चित अवधिसम्मका लागि अभिलेख राखी नियन्त्रणमा लिने र प्रयोग गर्ने, सम्बन्धित जिल्लाभित्रको गैरसरकारी कार्यालय, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधि, निर्माण सामग्री तथा अन्य वस्तु अभिलेख राखी नियन्त्रणमा लिने र विपद्बाट प्रभावित व्यक्तिलाई वितरण गर्ने अधिकार सरकारसँग रहने छ।

त्यस्तो क्षेत्रमा पर्ने जग्गा, घर, कलकारखाना, देवदेवालय तथा धार्मिकस्थल र अन्य यस्तै महत्वपूर्ण वस्तु वा स्थानलाई विनाश हुनबाट बचाउन आवश्यक उपाय अपनाउने, सहयोग टोली गठन गरी विपद् सङ्कटग्रस्त क्षेत्रमा पठाउने, विपद् प्रभावित क्षेत्रमा यातायात तथा मानिसको आवत जावतमा बन्देज लगाउने, सर्वसाधारण जनताको जीउधनको रक्षाको लागि अन्य आवश्यक सुरक्षात्मक उपायको व्यवस्था गर्ने, विपद् व्यवस्थापनको लागि आवश्यक देखिएका अन्य काम गर्ने अधिकार पनि सोही दफा अनुसार सरकारले प्रयोग गर्न सक्नेछ।

सार्वजनिक खरिद नियमावलीको दफा ३७ मा तत्काल खरिद तथा निर्माण गर्न सकिने व्यवस्था छ। 'विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम खरिद वा निर्माण कार्य गर्न सकिनेछ' भनिएको छ। सङ्कटग्रस्त क्षेत्रका लागि भनेर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा रहेका यही प्रावधानका कारण पनि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणापछि सरकारीस्तरमा हुने अनियमितता बढ्ने सरोकारवाला बताउँछन्।

# कल्याणपुरका नगर प्रमुख राम पुकार साह विरुद्ध भ्रष्टाचार मुद्दा दायर

सप्तरी, २४ साउन। घुस रकमसहित रंगेहात पक्राउ परेका सिरहा कल्याणपुर नगरपालिका नगर प्रमुख राम पुकार साह तेली विरुद्ध अख्तियार दुरुपयो अनुसन्धान आयोगले भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर गरेको छ नगरपालिकाको वडा नम्वर ६ मा पक्की नाला निर्माण उपभोक्ता समितिसँग गत असार ३२ गते एक लाख रुपैयाँ घुस लिएको रकमसहित पक्राउ परेका मेयर साह विरुद्ध शुक्रवार विशेष अदालतमा आरोपत्र दायर गरेको हो।

अनुसन्धानको सिलसिलामा घुस/रिसवत माँग गरी लिएको पुष्टि भएको हुँदा प्रमुख साहमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा एक लाख बिगो कायम गरी मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौड्यालले जारी गरेको विज्ञप्तीमा उल्लेख गरेको छ।

विज्ञप्तीमा, 'भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुने मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोप–पत्र दायर गरिएको छ।' भन्ने उल्ले भएको छ। मेयर साहलाई गत असार ३२ गते उपभोक्तासँग लिएको एक लाख घुस रकमसहित कार्यकक्षबाटै अख्तियार दुरुपयो अनुसन्धान कार्यालय बर्दिवासको टोलिले नियन्त्रणमा लिएको थियो।

# मिथिला चित्रकला प्रदर्शनी

सर्लाही, २४ साउन। नेपाल एकीकृत विकास समाज लालबन्दीले आयोजना गरेको १४ दिने मिथिला चित्रकला सम्बन्धी तालिममा सहभागी भएका महिलाले मिथिलाको संस्कृतिसँग जोडिएका विभिन्न चित्रकला बनाएर प्रदर्शनी गरेका छन्। चन्द्रनगर गाउँपालिका–२, बबरगन्जकी अनारकली सिंहले आफ्नो संस्कार र संस्कृतिसँग जोडिएको विषयमा चित्रकला बनाउन सिक्दा अत्यन्त खुसी लागेको बताए। चन्द्रनगर गाउँपालिकाभित्रका १५ जना महिलालाई मुख्य प्रशिक्षक कामिनीकुमारी साहले मिथिला चित्रकला बनाउन सिकाएको हो।

चित्रकलासम्बन्धी तालिममा सहभागी महिलालाई आयआर्जनमा समेत जोड्ने उद्देश्य रहेको नेपाल एकीकृत विकास समाज लालबन्दीका कार्यकारी निर्देशक दिवाकर झाले बताए। महिलाले मिथिला क्षेत्रको संस्कार झल्कने मात्र होइन महिलामाथि हुने घरेलु हिंसा र अपमान, बालविवाह, लैगिक हिंसा र कानुनी उपचारलगायत विषय समेटिएको चित्रकला बनाएर प्रदर्शनी गरेका छन्।

हरिवन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हेमराज फुयाँलले ग्रामीण भेगका गृहिणी महिलाले यति राम्रा चित्र कोरेर प्रदर्शनीमा राखेकोमा खुसी व्यक्त गरे।

# चुरे क्षेत्रमा स्थलगत अनुगमन

ढल्केबर, २४ साउन। धनुषाको मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोसहितको टोलीले शुक्रबार पानीको स्रोत चुरे तथा भाँवर क्षेत्रको स्थलगत अवलोकन गरेका छन्। चुरे र भाँवर क्षेत्रमा भएका खोला तथा मुहानबाट बगेर खेर गइरहेको पानीलाई सिँचाइ तथा खानेपानीका लागि प्रयोगमा ल्याउन स्थलगत अवलोकन गरिएको हो।

नगरप्रमुख महतोले भूमिगत पानीको दोहन कम गर्न र चुरे क्षेत्रबाट बगेर खेर गइरहेको पानीलाई सदुपयोगमा ल्याउन औरहीखोलाको मुहानको स्थलगत अवलोकन गरिएको बताए। उनले खेर गइरहेको पानीलाई सिँचाइ र खानेपानीका लागि प्रयोगमा ल्याउन सकिने सम्भावना रहेको जानकारी दिए।

उनले भने, "औरहीखोलामा प्रशस्त पानी छ। उक्त पानी बगेर त्यसै खेर गइरहेको छ। यदि औरहीखोलाको पानी पाँच सय मिटर पश्चिममा रहेको खहरेखोला बसहीमा झार्न सकियो भने सिँचाइका लागि पानीको उपलब्धता बढ्छ। औरहीखोलामा ठाउँ ठाउँमा ड्याम निर्माण गरेर खानेपानीका लागि पानी प्रयोगमा ल्याउन सकिन्छ।" उनले अध्ययनका लागि प्राविधिक र विज्ञ टोली पठाउने बताए।

नगरप्रमुख महतोले मिथिला नगरपालिका भएर बग्ने औरही नदीलगायतका नदीनालामा तटबन्ध निर्माण गरेर वर्षाको पानी चुरे क्षेत्रमै रोक्न सकियो भने बटेश्वर, छीरेश्वर, लक्ष्मीनियाँ र जनकपुरधामलगायत तल्लोतटीय क्षेत्रको धेरै जसो स्थानको भूमिगत जलस्तर बढ्ने जानकारी दिए। उनले यसका लागि तल्लो क्षेत्रका स्थानीय तहले पनि आर्थिक लगानी लगाउनुपर्ने उनका भनाइ छ। उनले भने, "चुरे विद्हरूका अनुसार चुरेको पानी चुरे क्षेत्रमा रोक्न सकियो भने जमिनमुनि पानीको पुनर्भरण हुन्छ। त्यसले तल्लो क्षेत्रमा भूजलको सतहमाथि आउँछ र अहिले देखिएको पानीको संकट समाधान हुन्छ।"

प्राविधिक रामविरोध महतोका अनुसार चुरे तथा भाँवर क्षेत्रका खोलामा पानी रोक्न सकिने संरचना निर्माण गर्न सके जमिनमुनि पानीको भण्डारण बढ्छ। जसले गर्दा चापाकल र इनार सुक्ने समस्या दीर्घकालीन रूपमा समाधान गर्न मद्दत पुऱ्याउँछ। औरही खोलामा यसअघि पनि यस्तो सम्भावनाको अध्ययन भएको उनले बताए। प्राविधिक महतोले अव्यवस्थित सहरीकरण र वन फँडानीका कारण जमिनले पर्याप्त मात्रामा वर्षाको पानी सोसेर राख्न नसक्नुका कारण भूमिगत पानीको सतह तल हुँदै गएको बताए। तराईका जिल्लामा पहिलाभन्दा दोब्बर तेब्बर गहिराइमा पाइप गाड्दा मात्रै चापाकलमा पानी आउने गरेको छ। त्यसैले तिनै तहका सरकार समयमै यसप्रति आवश्यक कदम चालेन भने भविष्यमा तराईमा पानीको चरम अभाव हुन्छ, उनको भनाइ छ।

# पछिल्लो एक हप्ताको वर्षाले मधेशको धान रोपाइँमा सुधार

धनुषा, २४ साउन। पछिल्लो एक हप्ता पानी परेपछि मधेश प्रदेशको धान रोपाई सुधार भएको छ। सिंचाइ अभावमा साउनको दोस्रो हप्तासम्म ५० प्रतिशत भन्दा केही बढिमात्रै रोपाइँ भएकोमा हिजो बेलुकासम्म ७६ दशमलव ५४ प्रतिशत रोपाइँ सकिएको मधेश प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ।

निर्देशनालयका वरिष्ठ वागवानी विकास अधिकृत प्रदीपकुमार यादवका अनुसार पछिल्लो हप्ता परेको पानीले थप रोपाइँ हुनुका साथै यस अघि रोपेको धानलाई पनि सिंचाइ भएको छ। निर्देशनालयको विवरण अनुसार मधेश प्रदेशमा आठ जिल्लामध्ये सबैभन्दा धेरै बारामा ९५ प्रतिशत, पर्सामा ९२ प्रतिशत र रौतहट जिल्लामा ८५ दशमलव ९ प्रतिशत धान रोपाइँ भएको छ। सर्लाहीमा ७५ प्रतिशत, धनुषामा ७० प्रतिशत, महोत्तरीमा ६१ दशमलव ५ प्रतिशत, सप्तरीमा ७० प्रतिशत र सिरहामा ७० प्रतिशत मात्रै धान रोपाइँ भएको छ।

पछिल्लो २४ घण्टामा कर्णाली र सुदुरपश्चिमका उच्च पहाडी क्षेत्र बाहेक सबैतिर सामान्यदेखि मध्ययम वर्षा भएको छ। शनिबार राति मधेश, कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी र तराई भागका केही ठाउँमा तथा बाँकी प्रदेशका पहाडी र तराई भागका थोरै ठाउँमा पानी पर्ने सम्भावना छ। त्यस्तै कोशी र बागमती प्रदेशको पहाडी भाग र मधेश प्रदेशको एक/दुई ठाउँमा ठूलो पानी पर्न सक्ने सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

# विश्वविद्यालयहरूले १० वर्षदेखि लेखा परीक्षण गरेका छैनन् : महालेखा परीक्षक राया

काठमाडौं, २४ साउन। महालेखा परीक्षक तोयम रायाले विश्वविद्यालयहरूले ८/१० वर्षदेखि लेखापरीक्षण नगरेका बताएको छ। सार्वजनिक लेखा समितिको आजको बैठकमा महालेखा परीक्षक रायाले आउँदा दिनमा विश्वविद्यालयसहित सबै इकाइहरूको अडिटलाई प्राथमिकतामा राख्ने बताए। उनका अनुसार लामो समयदेखि रहेको त्यस्तो अवस्थालाई हटाउँदै २/४ वटा बाहेक अहिले प्रायको लेखा परीक्षण गरिएको बताए।

संघीय निकायहरूको बेरुजु बढ्ने क्रम जारी छ। यसलाई घटाउन प्रभावकारी कार्ययोजना बनाएर लाग्नुपर्ने आवश्यकता छ। रायाले १० वटा मन्त्रालयको ९१ प्रतिशत बेरुजु देखिनु राम्रो नभएको बताउँदै बेरुजुलाई शुन्यमा झर्ने गरी काम कारबही अघि बढाउनुपर्नेमा जोड दिए। महालेखा परीक्षक रायाले हरेक वर्षका महालेखाका प्रतिवेदनहरू लेखा समितिमा छलफल हुनुपर्ने बताए। उनका अनुसार एउटा वर्षको प्रतिवेदनमा छलफल गर्दा त्यही प्रकृतिको अरू वर्षको प्रतिवेदनमा पनि के के थियो भन्ने छुटिरहेको छ।

# साढे छ केजी सुनसहित ११ जना भारतीय नागरिक पक्राउ

**फडिन्द्र अधिकारी**

पोखरा, २४ साउन। जिल्ला प्रहरी कार्यालय कास्कीले करिब साढे छ केजी अवैध सुनसहित ११ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ। शुक्रबार दिउँसोबाट अप्रेसन सुरु गरेर रातभर लगाएर उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। शनिबार आयोजित पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक श्यामबाबु ओलियाले छ किलो चार सय ग्राम सुनसहित उनीहरूलाई पक्राउ गरिएको जानकारी दिनुभयो। उनीहरूको साथबाट चाँदी चार सय ४४ तोला र पाँच लाख १४ हजार छ सय ६५ रुपियाँसमेत प्रहरीले बरामद गरेको छ।

बरामद भएको सुनको बजार मूल्य १० करोड ९७ लाख छ। पक्राउ परेका ११ जनालाई नै सामानसहित आवश्यक कारबाही तथा थप अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय बुटबल पठाइने प्रहरी उपरीक्षक ओलियाले जानकारी दिए।

पोखरा महानगरको वडा नम्बर २, ३, ४ र ९ का केही क्षेत्रमा अवैध तरिकाले सुन तथा चाँदीको कारोबार भइरहेको भन्ने गोप्य सूचनाका आधारमा प्रहरीले शुक्रबार दिउँसो ४ बजेबाट कारबाही सुरु गरेको थियो। कारबाहीका क्रममा राजेन्द्र रामचन्द्र जगताप (४१ वर्ष), मनिकलाल आदक (४५ वर्ष), सन्दीप ढाव (३५ वर्ष), सोमनाथ पाल (४१ वर्ष), दीपक सामन्त (४७ वर्ष ) पक्राउ परेका छन्।

प्रहरीले गोविन्दा दिण्डा (४७ वर्ष), असित वर (३५ वर्ष), तापस सामन्त ( ४४ वर्ष), उज्वल भोमिक (३८ वर्ष), सुनिता पवार (४० वर्ष), प्रोभास माझी (४९ वर्ष)लाई नियन्त्रणमा लिएको छ पक्राउ परेका भारतीय नागरिकहरू कोलकाता र पश्चिम बंगाल घर भई लामो समयदेखि पोखरामा सुनचाँदी कालिगढका रूपमा कार्यरत रहेको प्रहरीले जनाएको छ।

# वर्षाले फोहोर व्यवस्थापन प्रभावित

**विनय कर्ण**

सप्तरी, २४ साउन। वर्षाका कारण बाटो भत्किएपछि सप्तरीको खडक नगरपालिकामा फोहोर व्यवस्थापन कार्य प्रभावित भएको छ। नियमित रूपमा सबै वडामा सरसफाइ गर्दै आएको नगरपालिकाले 'ट्रेन्च ल्यान्डफिल' सम्म पुग्ने बाटो अवरुद्ध भएपछि फोहोर उठाउने कार्य प्रभावित भएको हो। वर्षाले गर्दा 'ट्रेन्च ल्यान्डफिल' सम्म पुग्ने बाटो तीन–चार ठाउँमा भत्किएकाले नगरक्षेत्रभित्र फोहोर उठाउने कार्य तत्कालका लागि रोकिएको नगर प्रमुख जयप्रकाश चौधरीले जानकारी दिनुभयो। उहाँले बाटो मर्मतको काम सुरु गरिसकिएको र बाटो सुचारु हुन तीन–चार दिनको समय लाग्ने बताउँदै त्यसपछि फोहोर व्यवस्थापन पुनः नियमित रूपमा सञ्चालन हुने बताए।

मधेश प्रदेशमै एकमात्र खडक नगरपालिकाले ट्रेन्च पद्धतिमा फोहोर व्यवस्थापन गर्दै आएको छ। ट्रेन्चमा छुट्टाछुट्टै प्रकारका फोहोर छुट्टाछुट्टै व्यवस्थापन गरिँदा त्यहाँको फोहोर अन्य स्थानमा नजाने व्यवस्था गरिएको छ।

## *आफ्नै भवनबाट ...*

सेवा प्रवाह हुन्छ", उनले भने, "वडासम्म जाने सडकको यसपालि नाला बन्छ, अर्को वर्ष सडक कालोपत्रे हुन्छ। त्यसका लागि आवश्यक बजेट नगरले पहिले नै विनियोजन गरिसकेको छ।"

उनले आगामी दिनमा अन्य पाँच वटा वडा कार्यालय आफ्नै भवनबाट सेवा सुरु गर्ने तयारीमा रहेको जानकारी दिए। वडा नं.३ का अध्यक्ष रामदयाल महतोले भवन उद्घाटन कार्यक्रममा भने, "पहिला कामका लागि वडा नं. १ को कार्यालयमै जानुपर्थ्यो, जुन दुरीका हिसाबले टाढा थियो।" वडा नं. २ का अध्यक्ष सीयाराम यादवले आफ्नो वडामा अबदेखि सहज र व्यवस्थित सेवा प्रवाह हुने विश्वास व्यक्त गर्दै नगरपालिकाको सक्रियताप्रति आभार व्यक्त गरे।

# कैलाली कारागारमा फितलो सुरक्षाका कारण हिंसात्मक घटना : मानव अधिकार आयोग

काठमाडौं, २४ साउन। मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयले कैलाली कारागारमा शुक्रबार राति भएको घटनामा गम्भीर लापरबाही भएको औंल्याएको छ। मानव अधिकार आयोगको टोलीले कारागार कार्यालयको निरीक्षण गर्दै कारागार प्रशासन र फितलो सुरक्षाका कारण कारागारभित्र हिंसात्मक घटना भएको जनाएको छ। मानव अधिकार आयोग धनगढीका प्रमुख प्रकाशदत्त भट्टले घटनापछि शनिबार दिउँसो कारागारको निरीक्षण गरिएको बताए।

क्षमता भन्दा बढि कैदीबन्दी र कैदीबन्दीको स्थान्तरण पारदर्शी हिसाबले नभएको लगायतका कारणले घटना हुन पुगेको देखिएको बताए। भट्टले कारागारभित्रका अन्य कैदीबन्दीको अवस्था भने समान्य रहेको बताए। उनले स्थानीय प्रशासनलाई घाइतेको उपचारमा कुनै कसर बाँकी नराख्न र उनीहरूका आफन्तलाई सहज रूपमा भेटने वातावरण बनाउन समेत निर्देशन दिइएको बताए। उनकाअनुसार यसअघि कारवाहीमा असुरक्षित रहेको भन्दै कैदीबन्दीहरूले सामूहिक निवेदन दिएका आधारमा समेत प्रशासन सचेत गराइएको बताए।

कैलाली कारागारमा गएराति ब्लक ए मा रहेका कैदीबन्दीको समूहले भित्ता फुटाएर ब्लक बी मा रहेका कैदीबन्दीमाथि आक्रमण गरेका थिए। सो क्रममा धनगढी–४ का भरत चौधरीको मृत्यु भएको छ भने घाइते हुनेको संख्या ४९ पुगेको छ। घाइतेहरूको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ। उनीहरू मध्ये तीन जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। घटनापछि कैदीबन्दीले कारागार नियन्त्रणमा लिएर सुरक्षाकर्मीलाई समेत प्रवेश गर्न दिएका थिएनन् भने कैदीबन्दीको अवरोधका कारण बिहान मानव अधिकार आयोगको टोली समेत प्रवेश गर्न सकेको थिएन।

तर अहिले भने स्थिति समान्य भएको मानव अधिकार आयोगले जनाएको छ। घटनाको छानवीनका लागि जिल्ला प्रशासन कार्यालयले सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीको नेतृत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ।

# बञ्चरो प्रहार गरी भाइले गरे दाइको हत्या

**सुधा देव**

सप्तरी, २३ साउन। राजविराज नगरपालिका–१ पडरियामा भाइले बञ्चरो प्रहार गरी दाइको हत्या गरेका छन्। घरायसी विवादका कारण ३५ वर्षीया भाइ नरेन्द्र झाले शुक्रबार दिउँसो आफ्नै ४२ वर्षीया दाइ लोकेन्द्र झामाथि बञ्चरो प्रहार गरेका हुन्। टाउकोमा बञ्चरो प्रहार गरेपछि गम्भीर घाइते भएका दाइको उपचारको क्रममा अस्पतालमा मृत्यु भएको हो। उहाँलाई घटना लगत्तै उपचारको लागि राजविराजस्थित छिन्नमस्ता अस्पतालमा लगिएपनि उपचार सम्भव नभएपछि विराटनगरस्थित नोबेल अस्पताल लगिएको थियो। उहाँको नोबेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरी प्रवक्ता जितेन्द्र बस्नेतले जानकारी दिए। बञ्चरो प्रहार गर्ने भाइ फरार छन्। फरार रहेको भाईको खोजी भइरहेको र घटनाको थप अनुसन्धान भइरहेको उनले जानकारी दिए।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)